त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## स्नातकोत्तर तहको नयाँ विद्यार्थी भर्नासम्बन्धी संशोधित सूचना ।

### प्रकाशित मिति २०७९/११/०२ गते

शैक्षिक वर्ष २०७९/२०८० का लागि यस अध्ययन संस्थान, डीनको कार्यालयबाट मिति २०७९/१०/२६ गते प्रकाशित गरिएको स्नातकोत्तर तहमा नयाँ विद्यार्थी भर्नासम्बन्धी सूचनामा भेटेरीनरी मेडिसिन विषयको पाठ्यभारमा तपशिल अनुसार संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

**M.Sc. Veterinary Sciences**

| S.N. | Subject | Previous | Revised |
|---|---|---|---|
| 1 | Veterinary Parasitology | **15** | **5** |
| 2 | Veterinary Theriogenology | 15 | 15 |
| 3 | Veterinary Pathology | 15 | 15 |
| 4 | Other Animal Sciences | 15 | 15 |
| 5 | Veterinary Medicine | **5** | **15** |
| 6 | Physiology | 5 | 5 |
| 7 | Microbiology | 5 | 5 |
| 8 | Pharmacology | 5 | 5 |
| 9 | Surgery | 5 | 5 |
| 10 | Agricultural-Economics and Extension | 5 | 5 |
| 11 | Statistics & Mathematics | 4 | 4 |
| 12 | Biochemistry and Others | 4 | 4 |
| 13 | General Knowledge | 2 | 2 |
| **Total** | | **100** | **1 00** |

प्रा.भार्गव धिताल
डीन

त्रिभुवन विश्वविद्यालय
**कृषि र पशु विज्ञानअध्ययन संस्थान**
**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

प.सं./च.नं.

# स्नातकोत्तर तहमा कृषि विज्ञान, पशु विज्ञान, मत्स्यपालन र पशु चिकित्सा डिग्रीमा विद्यार्थी भर्नासम्बन्धी सूचना ।

**प्रकाशित मिति २०७९/१०/२६ गते**

शैक्षिक वर्ष २०७९/२०८० का लागि यस अध्ययन संस्थान, डीनको कार्यालयबाट कीर्तिपुरमा सञ्चालित स्नातकोत्तर कार्यक्रम अन्तर्गत स्नातकोत्तर तहमा भर्ना हुनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पूगेका इच्छुक व्यक्तिहरुले **मिति २०७९/१०/२६** गतेबाट Online आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ । त्रि.वि.वाहेक अन्य संस्थाबाट स्नातक तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) को सक्कल प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

## १. Online आवेदन प्रक्रिया:

आवेदन फाराम आवेदक स्वयंले http://entrance.iaas.edu.np/ मा online बाट मात्र भर्न सकिनेछ । आवेदनमा समावेश गरिएका कागजात तथा जानकारीहरु झुटो वा अपुग पाइएमा अयोग्य हुनेछन ।

## २. भर्ना लिइने डिग्री तथा विषयहरु:

| क्रसं | कृषि विज्ञान विषय | संख्या |
|---|---|---|
| १ | कृषि अर्थशास्त्र | ११ |
| २ | बागवानी | ११ |
| ३ | बाली विज्ञान | ११ |
| ४ | कृषि प्रसार र ग्रामिण समाजशास्त्र | ११ |
| ५ | किट विज्ञान | ८ |
| ६ | कृषि वनस्पति तथा इकोलोजी | ८ |
| ७ | माटो विज्ञान | ८ |
| ८ | बाली प्रजनन तथा अनुवंशिकता | ५ |
| ९ | बाली रोग विज्ञान | ५ |

| क्रसं | पशु विज्ञान विषय | संख्या |
|---|---|---|
| १ | पशु उत्पादन तथा व्यवस्थापन | ८ |
| २ | पशु पोषण तथा दाना उत्पादन | ५ |
| ३ | पशु प्रजनन | ५ |
| **मत्स्यपालन विज्ञान विषय** | | |
| १ | मत्स्यपालन | ८ |
| **पशु चिकित्सा विज्ञान** | | |
| १ | भेटेरीनरी प्याथोलोजी | ५ |
| २ | भेटेरीनरी थेरोजिनोलोजी | ८ |
| ३ | भेटेरीनरी मेडिसिन | ८ |

*नोट: माथि उल्लेखित विभागहरुमा सेवाकालिन कोटा समावेश गरिएको छैन ।*

## ३. न्यूनतम शैक्षिक योग्यता:

३.१. M.Sc.Ag. तहको लागि B.Sc.Ag./B.Sc.Hort. तह कम्तीमा दोस्रो श्रेणीमा उत्तिर्ण गरेको हुनु पर्नेछ ।

३.२. M.Sc.An.Sc. तहको लागि B.Sc.Ag./B.Sc.An.Sc./B.V.Sc. & A.H. तह कम्तीमा दोस्रो श्रेणीमा उत्तिर्ण गरेको हुनु पर्नेछ ।

३.३. M.Sc.Aqua. तहको लागि B.Sc.Ag./ B.Sc.An.Sc./B.Sc. (Aqua/Fisheries) वा B.V.Sc. & A.H. वा M.Sc.(Zoology) मा Fisheries ऐक्षिक विषयमा कम्तीमा दोस्रो श्रेणीमा उत्तिर्ण गरेको हुनु पर्नेछ ।

३.४. M.V.Sc. तहको लागि B.V.Sc. & A.H. वा समानस्तरको डिग्रीमा कम्तीमा दोस्रो श्रेणीमा उत्तिर्ण गरेको हुनु पर्नेछ ।

**४. आवेदन तथा परीक्षा शुल्कः**

M.Sc.Ag., M.Sc.An.Sc./Aqua. and M.V.Sc. को लागि online बाट छुट्टाछुट्टै आवेदन भर्नु पर्नेछ । प्रत्येक कार्यक्रमको लागि प्रवेश परीक्षा शुल्क रु.२,५००।-(रु. दुई हजार पाँच सय) Online बाट मात्र बुझाउँन सकिनेछ । डीनको कार्यालयको वेवसाइट http://entrance.iaas.edu.np/ मा गएर online payment बटनमा click गरेपछि connect IPS वा e-sewa वा Khalti बाट मात्र शुल्क भुक्तानी गर्न सकिनेछ । शुल्क भुक्तानी गरेपछि प्राप्त हुने भौचर कोड प्रयोग गरी प्रवेश परीक्षाको फाराम भर्नु पर्नेछ । रकम जम्मा गर्नु अघि कागजात रितपूर्वक पुरा भए नभएको रुजु गर्नु पर्नेछ । आवेदन रद्द भएमा वा कागजात अपुग भएको खण्डमा जम्मा गरेको रकम फिर्ता हुने छैन ।

**५. आवेदन दिने मिति र समयः**

मिति २०७९/१०/२६ गतेदेखि मिति २०७९/११/१५ गते राती १२:०० बाह्र बजेसम्म चौबिसै घण्टा Online बाट आवेदन दिन सकिनेछ । आवेदनमा गरेको भूल सुधार गर्न चाहेमा मिति २०७९/११/१६ गते भित्र रु. २००।- बुझाई डीन कार्यलयमा, कार्यालय समयभित्र भूल सुधार गर्न सकिनेछ ।

**६. प्रवेश पत्र वितरणः**

मिति **२०७९/११/१८** गतेबाट प्रवेश पत्र वितरण गरिनेछ । आवेदकले कुनै पनि browser खोली http://entrance.iaas.edu.np/ मा check your status मा click गरी आफ्नो information entry गरी search गर्दा देखाउने admit card अनिवार्य रुपमा color print गरी लिनुपर्नेछ । परीक्षा हलमा प्रवेश गर्दा रंगिन प्रवेशपत्र र सक्कल नागरिकता/राहदानी/सवारी इजाजतपत्र अनिवार्य देखाउनु पर्नेछ ।

**७. प्रवेश परीक्षाको लागि विषयगत पाठ्यभारः**

M.Sc.Ag., M.Sc.An.Sc./Aqua. and M.V.Sc. तहको लागि छुट्टाछुट्टै प्रवेश परीक्षा सञ्चालन गरिनेछ । प्रत्येक परीक्षामा बहुछनौटिय वस्तुगत किसिम (Multiple choice objective type) का १०० वटा प्रश्नहरुको लागि ९० मिनेटको समय दिइनेछ । तल तालिकामा उल्लेख भए अनूसारका विषयहरुबाट प्रश्नहरु सोधिने छ ।

**M.Sc. Animal Sciences and Aquaculture**

| S.N. | Subject | Remarks |
|---|---|---|
| 1 | Livestock Production and Management | 15 |
| 2 | Animal Nutrition | 15 |
| 3 | Aquaculture | 15 |
| 4 | Dairy Science & Technology | 10 |
| 5 | Animal Breeding | 10 |
| 6 | Animal Health | 5 |
| 7 | Plant Science | 10 |
| 8 | Agricultural-Economics and Extension | 10 |
| 9 | Statistics & Mathematics | 4 |
| 10 | Biochemistry and Others | 4 |
| 11 | General Knowledge | 2 |
| **Total** | | **100** |

**M.Sc.Ag. (Plant Sciences and Social Science)**

| S.N. | Subject | Marks |
|---|---|---|
| 1 | Agronomy | 9 |
| 2 | Horticulture | 9 |
| 3 | Soil Science and Agriculture-engineering | 9 |
| 4 | Agricultural-Economics | 9 |
| 5 | Agricultural-Botany and Ecology | 9 |
| 6 | Plant Breeding | 9 |
| 7 | Plant Pathology | 9 |
| 8 | Entomology | 9 |
| 9 | Sociology and Agricultural-Extension | 9 |
| 10 | Animal Sciences | 9 |
| 11 | Statistics & Mathematics | 4 |
| 12 | Crop Physiology, Biochemistry & others | 4 |
| 13 | General Knowledge | 2 |
| **Total** | | **100** |

**M.Sc. Veterinary Sciences**

| S.N. | Subject | Remarks |
|---|---|---|
| 1 | Veterinary Parasitology | 15 |
| 2 | Veterinary Theriogenology | 15 |
| 3 | Veterinary Pathology | 15 |
| 4 | Other Animal Sciences | 15 |
| 5 | Veterinary Medicine | 5 |
| 6 | Physiology | 5 |
| 7 | Microbiology | 5 |
| 8 | Pharmacology | 5 |
| 9 | Surgery | 5 |
| 10 | Agricultural-Economics and Extension | 5 |
| 11 | Statistics & Mathematics | 4 |
| 12 | Biochemistry and Others | 4 |
| 13 | General Knowledge | 2 |
| **Total** | | **100** |

प्रवेश परीक्षाको उर्तिणाङ्क ५० प्रतिशत कायम गरिएको छ । प्राप्ताङ्क बराबर भएमा स्नातक तहको प्रतिशत ⁄ CGPA, सो बराबर भएमा +२ र सो पनि बराबर भएमा +२ को विषयहरु क्रमशः बायोलोजी, केमेस्ट्री, अंग्रेजी, गणित तथा फिजिक्स विषयको प्रतिशत ⁄ ग्रेड हेरी मेरिट सूची कायम गरिनेछ ।

८. **सेवाकालिन कोटा सम्बन्धमा :**

सेवाकालिन कोटामा अध्ययन गर्न प्रवेश परीक्षामा उत्तिर्ण हुनु पर्नेछ । सरकारी निकायमा कार्यरत व्यक्तिहरुले मात्र सेवाकालिन कोटामा आवेदन दिन सक्नेछन ।

प.सं./च.नं.

**९. कक्षा सञ्चालन सम्बन्धमा:**

स्नातकोत्तर तहको प्रथम सत्रमा अनिवार्य विषयहरुलाई प्राथमिकता दिइनेछ । दोस्रो सत्रवाट शोध/अनुसन्धान कार्यको लागि आंगिक क्याम्पसमा भएका स्रोत र साधनको प्रयोग बढाइनेछ । यसै शैक्षिक वर्षवाट मत्स्यपालन विषय र पशु चिकित्सा विषयका विशिष्टीकरण विषयहरुको अध्यापन कार्य पक्लिहवा क्याम्पसमा पनि गरिनेछ ।

**१०. प्रवेश परीक्षा र परीक्षा केन्द्र:**

M.Sc.Ag. र M.V.Sc को प्रवेश परीक्षा मिति २०७९/११/२० गते विहान ११:०० बजेदेखि १२:३० बजेसम्म र M.Sc.An.Sc./Aqua. को सोही दिनको २:०० बजेदेखि ३:३० बजेसम्म सञ्चालन हुनेछ । परीक्षा केन्द्रसम्बन्धी जानकारी पछि गराइनेछ ।

**११. प्रवेश परीक्षा नतिजा प्रकाशन तथा भर्ना प्रक्रिया:**

प्रवेश परीक्षाको नतिजा मिति २०७९/११/२१ गते भित्र प्रकाशन गरिनेछ । मेरीट क्रम मिति २०७९/११/२२ गते भित्र प्रकाशित गरिनेछ । नतिजा, योग्यता क्रमाङ्क तथा भर्नासम्बन्धी सम्पुर्ण सूचना IAAS को website (https://www.iaas.edu.np) मा पनि राखिनेछ ।

**१२. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:**

अनलाइनबाट फाराम भर्दा तपशिल अनुसारका कागजातहरु Submit गर्नु पर्नेछ ।

- रकम जम्मा गरेको भौचर,
- पासपोर्ट साइजको रंगिन फोटो,
- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र,
- +२ वा सो सरहको लब्धाङ्क-पत्र (Transcript),
- स्नातक तहको सर्टिफिकेट (Certificate) र
- स्नातक तहको लब्धाङ्क-पत्र (Transcript)।

१३. यस सूचनामा प्रष्ट नभएका विषयहरुमा PG bulletin revised 2011 वा स्नातकोत्तर भर्ना समितिको निर्णयानुसार हुनेछ । भर्ना सम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० मा सम्पर्क गर्न सकिनेछ ।

प्रा.भार्गव धिताल
डीन